सोसाईटी अफ नेप्लीज आर्किटेक्ट्स (SONA)को

# पेशागत आचारसंहिता, २०८३

**प्रस्तावना**

सोसाईटी अफ नेप्लीज आर्किटेक्ट्स (SONA) विक्रम संवत् २०४७ सालमा स्थापना भई नेपालको प्रचलित कानूनबमोजिम दर्ता भएको एक स्वायत्त, अविच्छिन्न उत्तराधिकारवाला, गैरनाफामूलक, गैरराजनीतिक तथा गैरसरकारी पेशागत सामाजिक संस्था हो। मुलुकको भौतिक, सामाजिक र वातावरणीय विकासमा वास्तुविद्हरूको भूमिकालाई सुव्यवस्थित, प्रभावकारी र अनुशासित बनाउनु तथा पेशाको मर्यादा, जनविश्वास र सार्वजनिक सुरक्षाको संरक्षण गर्नु यस समाजको दायित्व हो।

सोनाको विधानको धारा ८(४)(क)(अ) ले कार्यकारिणी समितिलाई समाजको हितमा रही नियम तथा उपनियम बनाउने, खारेज गर्ने र संशोधन गर्ने अधिकार प्रदान गरेको छ। सोही विधानको धारा ६.१(३) ले प्रत्येक सदस्यलाई समाजद्वारा तोकिएको आचारसंहिता पालना गर्ने कर्तव्य तोकेको छ भने धारा ४(२)(घ) ले तोकिएको आचारसंहिता उल्लंघन गरेमा सदस्यतासम्बन्धी कारबाही हुनसक्ने व्यवस्था गरेको छ। यिनै अधिकार र दायित्वलाई आधार मानी कार्यकारिणी समितिले यो पेशागत आचारसंहिता जारी गरेको छ।

यस आचारसंहितामा उल्लिखित कुनै पनि व्यवस्था नेपालको संविधान, प्रचलित ऐन तथा नियमावलीमा भएका प्रावधानभन्दा माथि हुने छैनन्। त्यसरी बाझिएको अवस्थामा प्रचलित कानूनबमोजिम हुनेछ। साथै, यस आचारसंहिताले कुनै पनि व्यक्तिलाई कानूनबमोजिम उपलब्ध कानूनी उपचार खोज्ने अधिकारबाट वञ्चित गर्ने छैन।

## परिच्छेद १: प्रारम्भिक

**दफा १. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस आचारसंहिताको नाम “सोसाईटी अफ नेप्लीज आर्किटेक्ट्स (SONA) पेशागत आचारसंहिता, २०८3” रहनेछ।अंग्रेजीमा यसलाई "SONA Professional Code of Conduct" भनि सम्बोधन गरिनेछ।

(२) यो आचारसंहिता कार्यकारिणी समितिले स्वीकृत गरेको मितिबाट लागू हुनेछ।

(३) यस अघि लागु गरिएका आचारसंहितालाई यस सोसाईटी अफ नेप्लीज आर्किटेक्ट्स (SONA) पेशागत आचारसंहिता, २०८3ले लागु भएको मितिबाट प्रतिस्थापन गर्नेछ।

SONA CODE OF CONDUCT

**दफा २. परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आचारसंहितामा,

(क) "समाज" वा "सोना" भन्नाले सोसाईटी अफ नेप्लीज आर्किटेक्ट्स (SONA) लाई जनाउनेछ।

(ख) "विधान" भन्नाले सोनाको विधान, २०४७ (संशोधनसहित) लाई जनाउनेछ।

(ग) "कार्यकारिणी समिति" भन्नाले विधानबमोजिमको केन्द्रीय कार्यकारिणी समितिलाई जनाउनेछ।

(घ) "सदस्य" भन्नाले विधानबमोजिम अद्यावधिक शुल्क तिरी सदस्यता कायम रहेका साधारण, आजीवन तथा अन्य सबै प्रकारका सदस्यलाई जनाउनेछ।

(ङ) "वास्तुविद्" भन्नाले नेपाल सरकारबाट मान्यताप्राप्त विश्वविद्यालयबाट वास्तुकला (आर्किटेक्चर) मा कम्तीमा स्नातक उपाधि प्राप्त गरि अनुमति पत्र प्राप्त व्यक्तिलाई जनाउनेछ।

(च) "आचारसंहिता" भन्नाले यो पेशागत आचारसंहिता (समय समयमा भएको संशोधनसहित)लाई जनाउनेछ।

(छ) "शैक्षिक क्षेत्र", "सरकारी क्षेत्र" र "निजी क्षेत्र" भन्नाले विधानको धारा २.१ मा परिभाषित सम्बन्धित क्षेत्रलाई जनाउनेछ।

(ज) "अनुशासन समिति" वा "छानबिन समिति" भन्नाले परिच्छेद ८ बमोजिम गठित समितिलाई जनाउनेछ।

(झ) "उत्पीडन" भन्नाले परिच्छेद ७ मा परिभाषित कार्यलाई जनाउनेछ।

(ञ) "हितको द्वन्द्व" भन्नाले वास्तुविद्को व्यक्तिगत वा वित्तीय स्वार्थ वा सार्वजनिक हित र पेशागत दायित्वबीच बाझिने अवस्थालाई जनाउनेछ।

(ट) "लापरवाही" भन्नाले पेशागत रूपमा अपेक्षित सावधानी नअपनाई काम गर्दा हुने गम्भीर त्रुटिलाई जनाउनेछ।

(ठ) "पेशा" भन्नाले शैक्षिक, सरकारी वा निजी क्षेत्रमा कार्यरत वास्तुविद्ले प्रदान गर्ने सेवा तथा दायित्वलाई जनाउनेछ।

SONA CODE OF CONDUCT

SONA CODE OF CONDUCT

## परिच्छेद २ : आधारभूत सिद्धान्त

### दफा ३. आधारभूत सिद्धान्त

प्रत्येक सदस्यले देहायका आधारभूत सिद्धान्तलाई आफ्नो पेशागत आचरणको आधार बनाउनुपर्नेछः

(क) इमान्दारीता र निष्ठा : पेशागत सेवा पूर्ण इमान्दारी, निष्ठा र पारदर्शितासाथ प्रदान गर्ने।

(ख) दक्षता र योग्यता : आफ्नो शैक्षिक योग्यता, ज्ञान र सीपको क्षेत्रभित्र रही पेशागत सेवा प्रदान गर्ने र क्षमताभन्दा बाहिरको काम सम्बन्धित विज्ञलाई सिफारिस गर्ने।

(ग) सार्वजनिक सुरक्षा: सेवाग्राही वा आफ्नो स्वार्थभन्दा माथि सार्वजनिक हित र अखण्डतालाई सर्वोच्च प्राथमिकता दिने।

(घ) दिगो विकास र वातावरणीय उत्तरदायित्व : दिगो विकासका सिद्धान्तअनुरूप वातावरणमैत्री डिजाइन अवलम्बन गर्ने।

(ङ) स्थानीय परिवेश अनुकूलता र सांस्कृतिक निरन्तरता : स्थानीय भूगोल, हावापानी, सामग्री र सांस्कृतिक सम्पदाको सम्मान गर्दै परिवेश-अनुकूल डिजाइन गर्ने।

(च) समान व्यवहार : लिङ्ग, उमेर, जात, जातीयता, धर्म, अपांगता, वैवाहिक वा आर्थिक अवस्थाका आधारमा भेदभाव नगर्ने।

(छ) मर्यादा र पारस्परिक सम्मान : सेवाग्राही, सहकर्मी, कर्मचारी र सरोकारवालासँग मर्यादित र सम्मानजनक व्यवहार गर्ने।

## परिच्छेद ३ : सेवाग्राही प्रतिको दायित्व

### दफा ४. विश्वासको दायित्व

वास्तुविद्ले सेवाग्राहीको विशेष विश्वासको आधारमा प्रदान गरिने सेवामा सेवाग्राहीको हित, बजेट र उपयोगिता अनुकूल हुने गरी आफ्नो विशिष्ट ज्ञानको प्रयोग गर्नुपर्नेछ र ज्ञानको असमानताको दुरुपयोग गरी अनुचित लाभ लिनु हुँदैन।

### दफा ५. पारदर्शी जानकारी तथा सूचित सहमति

वास्तुविद्ले डिजाइनसम्बन्धी निर्णय अघि सेवाग्राहीलाई सम्भावित लागत तथा जोखिमबारे स्पष्ट र पारदर्शी जानकारी दिनुपर्छ ।

**दफा ६. गोपनीयता**

वास्तुविद्ले सेवाग्राहीको परियोजनासम्बन्धी गोप्य सूचना सेवाग्राहीको लिखित वा मौखिक सहमतिबिना वा कानूनले बाध्य गरेको अवस्थाबाहेक अन्यत्र प्रकट गर्नु हुँदैन।

**दफा ७. हितको द्वन्द्व**

वास्तुविद्ले हितको द्वन्द्व हुने अवस्था सेवाग्राहीलाई जानकारी गराउनुपर्नेछ र त्यस्तो द्वन्द्वलाई न्यूनीकरण गर्न नसकिने भएमा परियोजनाबाट अलग रहनुपर्नेछ।

**दफा ८. क्षमता र दायराको सीमा**

वास्तुविद्ले संरचनात्मक वा अन्य विशिष्ट इन्जिनियरिङ विश्लेषणका लागि नेपाल इन्जिनियरिङ काउन्सिलमा दर्ता भएका योग्य परामर्शदातालाई संलग्न गराउनुपर्नेछ र आफ्नो विषयक्षेत्रभन्दा बाहिरको कामको जिम्मेवारी लिनु हुँदैन।

**दफा ९. गैरकानूनी वा असुरक्षित काम अस्वीकार गर्नुपर्ने**

सेवाग्राहीले भवन संहिता उल्लंघन गर्ने वा संरचनाको सुरक्षामा सम्झौता गर्ने डिजाइन परिवर्तनको माग गरेमा वास्तुविद्ले त्यस्तो काम अस्वीकार गर्नुपर्नेछ र आवश्यक परेमा परियोजनाबाट विधिवत् रुपमा अलग हुनुपर्नेछ।

## परिच्छेद ४ : जनता तथा निर्मित वातावरणप्रतिको दायित्व

**दफा १०. भवन संहिता तथा कानूनको पालना**

वास्तुविद्ले प्रचलित राष्ट्रिय भवन संहिता (NBC) लगायतका कानूनी व्यस्था तथा मापदण्डको पालना गरी डिजाइन गर्नुपर्नेछ।

**दफा ११. सार्वजनिक हित**

सेवाग्राहीको व्यावसायिक चाहना र सार्वजनिक हितबीच द्वन्द्व उत्पन्न भएमा वास्तुविद्को सर्वोच्च दायित्व सार्वजनिक हित, भवन संहिता र नगर-योजना नियमप्रति रहनेछ।

**दफा १२. स्वीकृति प्रक्रिया**

नगरपालिका वा सम्बन्धित निकायको स्वीकृति प्रक्रिया छल्ने उद्देश्यले जानाजान नक्सा वा डिजाइनमा हेरफेर गर्नु गम्भीर पेशागत उल्लंघन मानिनेछ।

SONA CODE OF CONDUCT

### दफा १३. दिगो विकास

भवनको दिगोपन वा वातावरणीय प्रभावसम्बन्धी गलत रुपमा दाबी गरी स्वीकृति लिनु पेशागत कदाचार मानिनेछ।

### दफा १४. सम्पदा र सांस्कृतिक निरन्तरताको सम्मान

वास्तुविद्ले स्थानीय परिवेश, स्थानीय सामग्री र ऐतिहासिक-सांस्कृतिक निरन्तरताको सम्मान गर्दै डिजाइन गर्नुपर्नेछ।

## परिच्छेद ५ : पेशा तथा सहकर्मीप्रतिको दायित्व

### दफा १५. नेपाल इन्जिनियरिङ काउन्सिलको आचारसंहिता पालना

वास्तुविद्ले आफ्नो पेशागत कर्तव्य निर्वाह गर्दा नेपाल इन्जिनियरिङ काउन्सिलले तोकेको आचारसंहिता समेत पालना गर्नुपर्नेछ।

### दफा १६. सरकार तथा समुदायलाई पेशागत सल्लाह

वास्तुविद्ले बासयोग्य र दिगो निर्मित वातावरण विकास गर्ने सम्बन्धमा सरकारी निकाय तथा समुदायलाई आफ्नो ज्ञान र अनुभवका आधारमा उपयुक्त सल्लाह तथा सुझाव दिन सक्नेछ।

### दफा १७. सहकर्मीप्रति सम्मान

वास्तुविद्ले सहकर्मी तथा अन्य पेशाकर्मीसँग सौहार्दपूर्ण र सम्मानजनक सम्बन्ध कायम राख्नुपर्नेछ।

### दफा १८. वास्तुविद्हरुबीचको सौहार्दता

अर्को वास्तुविद्ले सुरु गरेको परियोजना विधिवत् हस्तान्तरण प्रक्रिया र निजको बौद्धिक श्रमको उचित पारिश्रमिक सुनिश्चित नगरी आफूले लिनु हुँदैन।

### दफा १९. उत्तरदायीत्व

वास्तुविद्ले आफूले उत्तरदायी रूपमा रेखदेख नगरेको कुनै पनि डिजाइन, नक्सा वा प्रतिवेदनमा हस्ताक्षर वा प्रमाणीकरण गर्नु हुँदैन।

### दफा २०. अनुचित प्रतिस्पर्धा

वास्तुविद्ले पेशागत मर्यादालाई हानि हुने वा प्रतिस्पर्धीलाई बदनाम गर्ने कार्य गर्नु हुँदैन।

SONA CODE OF CONDUCT

**दफा २१. गम्भीर उल्लंघन रिपोर्ट गर्ने दायित्व**

कुनै सदस्यले अर्को सदस्यद्वारा यस आचारसंहिताको गम्भीर उल्लंघन भएको थाहा पाएमा सथाशिध्र समाजलाई जानकारी गराउनुपर्नेछ।

**दफा २२. प्रचार-प्रसार सम्बन्धी मर्यादा**

वास्तुविद्ले आफ्नो कार्यालय वा कामको प्रचार-प्रसार गर्दा पेशागत मर्यादा र शिष्टाचार विपरीत हुने गरी सञ्चार माध्यमको दुरुपयोग गर्नु हुँदैन।

**दफा २३. राष्ट्र, समाज र सहकर्मीको प्रतिष्ठाको सम्मान**

वास्तुविद्ले राष्ट्र, समाज वा सहकर्मी वास्तुविद्को कामको बदनामी हुने वा प्रतिष्ठामा आँच पुऱ्याउने कुनै अभिव्यक्ति सार्वजनिक रूपमा दिनु हुँदैन।

**दफा २४. वरिष्ठ तथा कनिष्ठ वास्तुविद्सँगको व्यवहार**

वास्तुविद्ले वरिष्ठ सहकर्मीप्रति उचित सम्मान र कनिष्ठ सहकर्मीप्रति सद्भाव तथा सहयोगको भावना राख्नुपर्नेछ र आवश्यक परेमा सहकर्मी वास्तुविद्लाई सहयोग गर्नुपर्नेछ।

**दफा २५. ज्ञान तथा सीप हस्तान्तरण**

वास्तुविद्ले भाषण, प्रस्तुतीकरण, प्राविधिक लेख वा गोष्ठीजस्ता माध्यमबाट आफ्नो ज्ञान र अनुभव विद्यार्थी तथा कनिष्ठ वास्तुविद्हरूसँग बाँड्न सक्रिय रहनुपर्नेछ।

## परिच्छेद ६ : वित्तीय इमान्दारीता

**दफा २६. कमिसन तथा निषेधित प्रतिफल**

निर्माण सामग्री आपूर्तिकर्ता वा ठेकेदारबाट कुनै पनि प्रकारको गोप्य कमिसन, कानूनद्वारा निषेधित प्रतिफल वा उपहार लिई सेवाग्राहीको हितविपरीत सामग्री वा सेवा सिफारिस गर्नु निषेधित हुनेछ।

**दफा २७. पारदर्शी शुल्क व्यवस्था**

वास्तुविद्ले सेवाग्राहीसँग लिखित शुल्क सम्झौता गर्नुपर्नेछ र समाजले प्रकाशन गरेको न्यूनतम परामर्श शुल्क मापदण्डलाई आधार मान्नुपर्नेछ।

SONA CODE OF CONDUCT

### दफा २८. भुक्तानी र कर कानूनको पालना

पेशागत सेवाको भुक्तानी सकेसम्म बैंकिङ माध्यमबाट लिई सेवाग्राहीलाई विजक दिनुपर्नेछ र प्रचलित कर कानूनको पूर्ण पालना गर्नुपर्नेछ।

## परिच्छेद ७ : उत्पीडन, दुर्व्यवहार तथा भेदभाव विरुद्ध

### दफा २९. पृष्ठभूमि र कानूनी आधार

नेपालको संविधानले प्रत्याभूत गरेका सम्मानपूर्वक बाँच्न पाउने हक, समानताको हक, छुवाछूत तथा भेदभाव विरुद्धको हक र शोषण विरुद्धको हक, तथा कार्यस्थलमा हुने यौन दुर्व्यवहार (निवारण) ऐन, २०७१, श्रम ऐन, २०७४, र विद्युतिय कारोबार ऐन, २०६३ बमोजिमका व्यवस्थालाई आत्मसात् गर्दै यो परिच्छेद तयार गरिएको हो। यी कानूनी व्यवस्था यस परिच्छेदका लागि आधारभूत मार्गदर्शन हुन्; यस परिच्छेदले कुनै पनि व्यक्तिलाई प्रचलित कानूनअन्तर्गत उपलब्ध उपचारबाट वञ्चित गर्ने छैन।

### दफा ३०. उत्पीडनको परिभाषा

"उत्पीडन" भन्नाले कुनै व्यक्तिलाई अपमान, असहजता, डर, असुरक्षा वा शत्रुतापूर्ण वातावरण सिर्जना गर्ने उद्देश्य वा प्रभाव भएको अवाञ्छित व्यवहारलाई जनाउँछ।

### दफा ३१. निषेधित कार्यहरू

(क) मौखिक उत्पीडन : अपमानजनक, अश्लील वा गालीगलौजपूर्ण भाषा, व्यक्तिगत आक्षेप तथा होच्याउने टिप्पणी, धम्की वा डर-त्रास।

(ख) शारीरिक उत्पीडन : शरीरका संवेदनशील क्षेत्रमा अनावश्यक स्पर्श, शारीरिक डर, त्रास वा अवरोध सिर्जना गर्ने व्यवहार।

(ग) यौनजन्य उत्पीडन : अवाञ्छित यौन संकेत, टिप्पणी वा प्रस्ताव, यौनजन्य सामग्री वा सन्देश पठाउने कार्य, शारीरिक बनावट वा निजी जीवनबारे अनुपयुक्त टिप्पणी।

(घ) मानसिक तथा सामाजिक उत्पीडन : निरन्तर होच्याउने वा सामाजिक/व्यावसायिक रूपमा अलग्याउने कार्य, चरित्रहत्या, पद वा अधिकारको दुरुपयोग गरी दबाब सिर्जना गर्ने।

(ङ) शिक्षक-विद्यार्थीबीच अनैतिक सम्बन्ध : अध्ययन वा अध्यापनको अवस्थामा शिक्षक र विद्यार्थीबीचको अनैतिक सम्बन्ध।

SONA CODE OF CONDUCT

(च) भेदभाव : लिंग, उमेर, जात, जातीयता, धर्म, अपांगता, वैवाहिक वा आर्थिक अवस्था वा अन्य आधारमा गरिने असमान व्यवहार।

(छ) डिजिटल वा अनलाइन उत्पीडन : सामाजिक सञ्जाल वा इमेलमार्फत दुर्व्यवहार, साइबर बुलिङ, अनुमतिबिना व्यक्तिगत सूचना सार्वजनिक गर्ने।

(ज) झुटा आरोप वा चरित्रहत्या।

**दफा ३२. अपेक्षित आचरण**

सबै सदस्य तथा सहभागीले एक-अर्काप्रति सम्मानजनक व्यवहार गर्ने, व्यावसायिक तथा शैक्षिक मर्यादा कायम राख्ने, विविध विचारको सम्मान गर्ने र भेदभावरहित तथा समावेशी वातावरण निर्माणमा सहयोग गर्नुपर्नेछ।

## परिच्छेद ८ : पालना तथा अनुशासन

**दफा ३३. उजुरी दर्ता**

(१) पीडित वा यस आचारसंहिताको उल्लंघन भएको जानकारी प्राप्त कुनै सदस्यले अध्यक्ष, महासचिव वा कार्यकारिणी समितिमा रहनुभएको पदाधिकारीसमक्ष लिखित उजुरी दर्ता गर्न सक्नेछ।

(२) उजुरीमा सम्भव भएसम्म घटनाको विवरण, मिति/समय/स्थान, सम्बन्धित व्यक्तिको नाम तथा उपलब्ध प्रमाण वा साक्षी समावेश गर्नुपर्नेछ।

(3) उजुरी दर्ता गर्दा सम्बन्धित अधिकारीले उजुरीकर्तालाई प्रचलित कानूनबमोजिम उपलब्ध कानूनी उपचारका बारेमा जानकारी गराई अनुसूची ३ बमोजिमको फाराममा निजको सहिछाप गराउनुपर्नेछ र यसरी प्राप्त फारामलाई सोनाको कार्यालयमा सुरक्षित र गोप्य रूपमा अभिलेख गर्ने व्यवस्था मिलाउनुपर्नेछ।

**दफा ३४. क्षेत्राधिकार निर्धारण तथा संस्थागत सिफारिस**

(१) उजुरी दर्ता भएपछि कार्यकारिणी समितिले यस दफाबमोजिम सोको क्षेत्राधिकार निर्धारण गर्नेछ।

(२) सामान्यतया, उजुरीसँग सम्बन्धित पक्षहरू कुनै साझा शैक्षिक संस्था, कार्यालय वा फर्ममा आबद्ध रहेको अवस्थामा, कार्यकारिणी समितिले उजुरी दर्ता गरी सोको जानकारी सम्बन्धित

SONA CODE OF CONDUCT

संस्था, कार्यालय वा फर्मको आन्तरिक अनुशासन संयन्त्रमा प्रदान गरी समाधानका लागि सिफारिस गर्नेछ। यसरी गरिने सिफारिस निर्देशनात्मक नभई सिफारिसको रूपमा मात्र हुनेछ र सो सिफारिसले दोष पुष्टि भएको घोषणा गरेको मानिने छैन। गैरसदस्य वा विद्यार्थीबाट प्राप्त उजुरीको हकमा समेत यसै व्यवस्थाबमोजिम हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि, देहायका अवस्थामा कार्यकारिणी समितिले उजुरी सम्बन्धित संस्था वा फर्ममा नपठाई आफैं दफा ३५ बमोजिम अनुशासन समिति गठन गरी प्रत्यक्ष छानबिन गर्नेछ:

(क) उजुरीसँग सम्बन्धित दुवै पक्ष सोनाका सदस्य भई फरक-फरक संस्था वा फर्ममा कार्यरत रहेको र दुवै पक्षमाथि साझा क्षेत्राधिकार भएको कुनै एकल संस्था नरहेको अवस्था;

(ख) उजुरी सोनाको कार्यकारिणी समितिको पदाधिकारी, सदस्य वा सोनामा नियुक्त कर्मचारीसँग सम्बन्धित भएको अवस्था;

(ग) उजुरी सम्बन्धित संस्था वा फर्मको प्रोपाइटर, साझेदार वा शेयरधनी (employer) विरुद्ध परेको र संस्था वा फर्मद्वारा गठित आन्तरिक संयन्त्र स्वतन्त्र वा निष्पक्ष हुन नसक्ने सम्भावना रहेको अवस्था।

**दफा ३५. अनुशासन समितिको गठन**

कार्यकारिणी समितिले दफा ३४ बमोजिम प्रत्यक्ष छानबिन गर्नुपर्ने निर्धारण भएको प्रत्येक उजुरीका लागि देहायबमोजिमको तीन सदस्यीय तदर्थ (ad hoc) अनुशासन समिति छुट्टाछुट्टै गठन गर्नेछ:

(क) संयोजकः वरिष्ठ वास्तुविद् वा समितिका पूर्व अध्यक्ष।

(ख) सदस्यः उजुरी परेको क्षेत्र (शैक्षिक क्षेत्र, निजी क्षेत्र वा सरकारी क्षेत्र) पहिचान गरि सम्बन्धित क्षेत्रमा कार्यरत वास्तुविद्।

(ग) सदस्यः स्वतन्त्र कानुनविद् वा मनोसामाजिक विशेषज्ञ।

तर, यस समितिमा कम्तीमा एक जना महिला सदस्य अनिवार्य रूपमा रहनुपर्नेछ।

SONA CODE OF CONDUCT

**दफा ३६. अनुशासन समितिको कार्यकाल**

(१) दफा ३५ बमोजिम गठित अनुशासन समिति सम्बन्धित उजुरीको हकमा मात्र सीमित रहनेछ र सोही उजुरीसम्बन्धी छानबिन प्रतिवेदन कार्यकारिणी समितिसमक्ष पेश भएपछि स्वतः विघटन हुनेछ।

(२) उपदफा (१) बमोजिम छानबिन प्रतिवेदन पेश हुनुअघि कार्यकारिणी समितिको पदावधि समाप्त भई नयाँ कार्यकारिणी समिति गठन भएमा पनि सो अनुशासन समिति यथावत् कायम रहनेछ र प्रतिवेदन पेश नभएसम्म विघटन हुने छैन।

**दफा ३७. अनुशासन समितिको काम, कर्तव्य र अधिकार**

(क) उजुरी प्राप्त गर्ने।

(ख) छानबिन प्रक्रिया सञ्चालन गर्ने।

(ग) कार्यकारिणी समितिलाई कारबाहीका लागि सिफारिस गर्ने।

**दफा ३८. स्वार्थ बाझिने अवस्थामा अलग रहनुपर्ने**

कुनै सदस्य उजुरीसँग प्रत्यक्ष सम्बन्ध रहेमा त्यस्तो निज सदस्य उक्त विषयको छानबिनबाट अलग रहनुपर्नेछ।

**दफा ३९. छानबिन प्रक्रिया**

(१) उजुरी प्राप्त भएपछि प्रारम्भिक समीक्षा गरिनेछ।

(२) सम्बन्धित पक्षलाई आफ्नो भनाइ प्रस्तुत गर्ने उचित अवसर दिइनेछ।

(३) आवश्यक प्रमाण सङ्कलन गरिनेछ।

(४) निष्पक्ष प्रतिवेदन तयार गरी कारबाहीको सिफारिससहित कार्यकारिणी समितिमा पेश गरिनेछ।

**दफा ४०. कारबाहीका प्रकार**

उल्लंघनको प्रकृति र गम्भीरताका आधारमा देहायबमोजिमको अनुपातमा कारबाही हुनसक्नेछः

(क) निजी सचेतना।

(ख) लिखित चेतावनी।

(ग) लिखित माफी माग्न निर्देशन।

SONA CODE OF CONDUCT

(घ) सुधारात्मक उपाय (अभिमुखीकरण)।

(ङ) समाजको पद वा जिम्मेवारीबाट हटाउने।

(च) बढिमा छ महिनासम्म सदस्यता अधिकार अस्थायी रूपमा निलम्बन गर्ने।

(छ) विधान बमोजिम सदस्यता खारेजी (निष्कासन)।

**दफा ४१. गम्भीरताको आनुपातमा कारबाही सिफारिस**

कारबाही उल्लंघनको गम्भीरताको आनुपातमा हुनुपर्नेछ। पेशागत त्रुटिको हकमा लापरवाही र हेलचेक्र्याइँबीच भिन्नता गरी कारबाही निर्धारण गरिनेछ। बारम्बार दोहोरिने उल्लंघन गम्भीर बनाउने अवस्था मानिनेछ।

**दफा ४२. निर्णय र समयसीमा**

उजुरी दर्ता भएको १५ दिनभित्र प्रारम्भिक प्रतिवेदन र ३० दिनभित्र कारबाही सिफारिससहितको छानबिन प्रतिवेदन कार्यकारिणी समितिमा पेश गरिनेछ। कार्यकारिणी समितिले निर्णय गरी कार्यान्वयन गर्नेछ।

**दफा ४३. पुनरावेदन**

सदस्यता खारेजको निर्णयउपर चित्त नबुझेमा सम्बन्धित व्यक्तिले आगामी साधारण सभामा पुनरावेदन गर्न सक्नेछ।

**दफा ४४. गोपनीयता**

कार्यकारिणी समिति तथा अनुशासन समितिले उजुरी र छानबिन प्रक्रियालाई यथासम्भव गोप्य राख्नेछ। छानबिनका लागि आवश्यकबाहेक अन्य प्रयोजनमा जानकारी सार्वजनिक गरिने छैन।

**दफा ४५. प्रतिशोध निषेध**

उजुरी गर्ने, छानबिनमा सहयोग गर्ने वा पीडितको पक्षमा बोल्ने व्यक्तिमाथि कुनै पनि प्रकारको प्रतिशोधात्मक कार्य गर्न पाइने छैन।

**दफा ४६. झुटा उजुरी**

जानाजान झुटा वा दुर्भावनापूर्ण उजुरी दिएको प्रमाणित भएमा सम्बन्धित व्यक्तिमाथि पनि अनुशासनात्मक कारबाही गरिनेछ। तर, सद्भावपूर्वक गरिएको उजुरी पुष्टि हुन नसकेको अवस्थामा कारबाही गरिने छैन।

SONA CODE OF CONDUCT

**दफा ४७. सद्भावपूर्ण कार्यको संरक्षण**

यस आचारसंहिताबमोजिम सद्भावपूर्वक काम गर्ने अनुशासन समितिका सदस्य तथा समाजका पदाधिकारी आफ्नो पेशागत कार्यका लागि व्यक्तिगत रूपमा उत्तरदायी हुने छैनन् र समाजले निजहरूको कानूनी संरक्षण तथा क्षतिपूर्ति वहन गर्नेछ।

**दफा ४८. कानूनी उपचार**

यस आचारसंहिताले कुनै पनि व्यक्तिलाई प्रमुख जिल्ला अधिकारी, प्रहरी, अदालत वा अन्य कानूनी निकायसमक्ष उपचार खोज्ने अधिकारबाट वञ्चित गरेको मानिने छैन।

## परिच्छेद ९ : सामाजिक उत्तरदायित्व

**दफा 49. सामुदायिक सेवा**

प्रत्येक सदस्यले वर्षमा कम्तीमा दुई दिन सामुदायिक वा स्वयंसेवी सेवामा संलग्न हुने प्रयास गर्नुपर्नेछ।

**दफा ५0. विपद् वा संकटको बेला सहयोग**

राष्ट्रिय विपद् वा संकटको अवस्थामा वास्तुविद्ले आफ्नो ज्ञान र सीपका आधारमा यथासम्भव समुदाय र देशलाई सहयोग गर्नुपर्नेछ।

**दफा ५1. सामाजिक तथा सामुदायिक सहभागिता**

वास्तुविद्लाई सामाजिक वा सामुदायिक कार्यक्रममा निमन्त्रणा गरिएमा यथासम्भव सहभागी हुनुपर्नेछ।

**दफा ५2. सेवा अवधिपछिको जिम्मेवारी**

वास्तुविद्ले आफूले डिजाइन गरेको भवन वा संरचनाको सेवा अवधि समाप्त भइसकेपछि पनि आफ्नो क्षमताको दायराभित्र रही सार्वजनिक सुरक्षासँग सम्बन्धित गम्भीर जानकारी प्राप्त भएमा सोबारे सम्बन्धित पक्षलाई जानकारी गराउने नैतिक जिम्मेवारी वहन गर्नुपर्नेछ।

**दफा ५3. स्थानीय तथा परम्परागत ज्ञानको सम्मान**

वास्तुविद्ले आफूले काम गर्ने समुदायको परम्परागत ज्ञान, सीप र अभ्यासलाई सम्मान गर्दै सोको उपयुक्त उपयोग गर्नुपर्नेछ।

SONA CODE OF CONDUCT

**दफा ५4. आफ्नो कार्यको जिम्मेवारी**

वास्तुविद्ले आफ्नो कमजोरी वा त्रुटि लुकाउन अरूलाई दोष नलगाई आफ्नो कार्यको पूर्ण जिम्मेवारी लिनुपर्नेछ।

**दफा ५5. सोनाप्रतिको स्वयंसेवा**

प्रत्येक सदस्यले सोनाले अनुरोध गरेको स्वयंसेवी कार्यमा वर्षमा कम्तीमा एक दिन सहभागी हुने प्रतिबद्धता जनाउनुपर्नेछ।

## परिच्छेद १० : विविध

**दफा ५6. कानून प्रबल हुने**

यस आचारसंहिताका कुनै व्यवस्था प्रचलित कानूनसँग बाझिएमा, बाझिएको हदसम्म आचारसंहिताको व्यवस्था अमान्य हुनेछ।

**दफा ५7. व्याख्या**

यस आचारसंहिताको अन्तिम व्याख्या गर्ने अधिकार कार्यकारिणी समितिलाई हुनेछ।

**दफा ५8. संशोधन**

कार्यकारिणी समितिले यो आचारसंहिता संशोधन गर्न सक्नेछ।

**दफा 59. प्रारम्भ र अनुमोदन**

यो आचारसंहिता कार्यकारिणी समितिले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

SONA CODE OF CONDUCT

## अनुसूची १ : उजुरी फाराम

१. उजुरीकर्ताको नाम :

२. सदस्यता नं. (भए) :

३. सम्पर्क विवरण :

४. उल्लंघनकर्ताको नाम :

५. घटनाको मिति :

६. घटनास्थल :

७. घटनाको विस्तृत विवरण :

८. साक्षीहरू :

९. संलग्न प्रमाणहरू :

१०. उजुरीकर्ताको हस्ताक्षर :

मिति :

SONA CODE OF CONDUCT

## अनुसूची २ : नैतिक प्रतिबद्धता घोषणा (प्रतिज्ञापत्र)

“म, सोसाइटी अफ नेप्लिज आर्किटेक्टस (SONA) को सदस्यका रूपमा संस्थाको पेशागत आचारसंहिता, व्यावसायिक मर्यादा तथा उत्पीडन निवारण नीतिको पूर्ण पालना गर्ने तथा सम्मानजनक, सुरक्षित र समावेशी वातावरण निर्माणमा योगदान पुऱ्याउन प्रतिबद्धता व्यक्त गर्दछु।”

नाम :

हस्ताक्षर :

मिति :

SONA CODE OF CONDUCT

## अनुसूची ३ : कानूनी उपचार बारे जानकारी प्राप्त गरेको सम्बन्धमा ।

म, उजुरीकर्ता, मेरो उजुरी दर्ता गर्ने अधिकारीले प्रचलित कानूनबमोजिम अन्य कानूनी उपचारसमेत उपलब्ध रहेको विषयमा स्पष्ट रूपमा जानकारी गराउनुभएको छ।

साथै, सोसाइटी अफ नेपालिज आर्किटेक्ट्स (SONA) एक विशुद्ध पेशागत संस्था हो र यसको क्षेत्राधिकार संस्थाको आन्तरिक अनुशासन र पेशागत आचारसंहिताको परिपालनामा मात्र सीमित छ भन्ने कुरामा म पूर्ण रूपमा अवगत छु। मेरो उजुरीमा उल्लेखित विषयवस्तु प्रचलित फौज्दारी वा देवानी कानूनअन्तर्गत कसुर मानिने प्रकृतिको भएमा, सो सम्बन्धमा प्रहरी वा अधिकारप्राप्त सरकारी निकायमा उजुरी दिने र कानूनी उपचार खोज्ने सम्पूर्ण व्यक्तिगत दायित्व र अधिकार मेरो आफ्नै हुनेछ।

संस्थामा उजुरी प्राप्त गरेकै आधारमा राज्यका निकायमा सूचना दिने वा कानूनी कारबाही अगाडि बढाउने कुनै पनि बाध्यकारी देवानी वा फौज्दारी दायित्व सोना (SONA) मा नरहने कुरा म स्वीकार गर्दछु। तसर्थ, राज्यका सम्बन्धित निकायमा उजुरी नगरेको वा सो प्रक्रियामा ढिलाइ भएको कारणबाट सिर्जना हुन सक्ने जुनसुकै कानूनी परिणामको सम्पूर्ण जवाफदेही म स्वयम् हुने भनी आफ्नो राजीखुसीले यस फारममा सहिछाप गरेको छु।

नाम :

हस्ताक्षर :

मिति :

SONA CODE OF CONDUCT